**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले बिहार, पश्चिम बंगाल र असमलाई घुसपैठमुक्त बनाउन एनडीए सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ।

२. गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा राज्य तथा केन्द्र शासित प्रदेशका लागूऔषध विरोधी बल प्रमुखहरूको राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नु हुनेछ।

३. केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले किसान र वैज्ञानिकहरूको कडा परिश्रम र सरकारको नीतिका कारण देशको कृषि क्षेत्र ३.७ प्रतिशतको दरले बढिरहेको बताउनु भएको छ।

४. केन्द्रीय विदेश राज्यमन्त्री पबित्रा मार्गेरिटाले पपुवा न्यु गिनीका प्रधानमन्त्रीलाई देशको स्वतन्त्रताको अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदी र भारतका जनताको तर्फबाट शुभकामना व्यक्त गर्नु भएको छ।

५. नेपाल सरकारले जेन-जी आन्दोलनमा ज्यान गुमाएका शहीद परिवारलाई १५ लाख रुपियाँ क्षतिपूर्ति रकम दिने घोषणा गरेको छ।

**प्रधानमन्त्री- बिहार**

`प्रधानमन्त्री नरेन्द्र मोदीले बिहार, पश्चिम बंगाल र असमलाई घुसपैठमुक्त बनाउन एनडीए सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ। हिजो बिहारको पूर्णिया जिल्लामा आयोजित एक ऱ्यालीलाई सम्बोधन गर्नु हुँदै प्रधानमन्त्रीले सीमाञ्चल र पूर्वी क्षेत्रमा अवैध घुसपैठका कारण ठूलो जनसांख्यिकीय परिवर्तन संकटको बारेमा बोल्नु भयो। उहाँले यस समस्यालाई सम्बोधन गर्न लाल किल्लाबाट आफ्नो स्वतन्त्रता दिवसको सम्बोधनमा घोषणा गरिएको जनसांख्यिकीय मिसनलाई उल्लेख गर्नु भयो। श्री मोदीले घुसपैठकर्ताहरूलाई भोट बैंक राजनीतिको लागि संरक्षण गर्ने प्रयास गरेकोमा विपक्षी गठबन्धनको आलोचना गर्नु भयो। प्रधानमन्त्रीले भन्नु भयो, उहाँको ग्यारेन्टी छ  घुसपैठकर्ताहरू विरुद्ध कडा कारबाही गरिने र सम्पूर्ण देशले परिणाम देख्नेछन्।

**बाइट**

प्रधानमन्त्रीले हिजो बिहारमा चालीस हजार करोड़ रुपियाँभन्दा बढी मूल्यका विकास परियोजनाहरूको सुरुवात र शिलान्यास गर्नु भयो। यसमा नवनिर्मित पूर्णिया विमानस्थल, राष्ट्रिय मखाना बोर्ड, भागलपुरमा दुई हजार चार सय मेगावाटको तापीय विद्युत परियोजना, कोसी-मेची अन्तर-राज्य नदी जडान परियोजनाको पहिलो चरण, विभिन्न रेल परियोजनाहरू र नयाँ वन्दे भारत र अमृत भारत रेलहरूको उद्घाटन समावेश छन्।

**पीएम जीएसटी सुधार**

हालै घोषणा गरिएको आगामी पुस्ताको जीएसटी सुधारलाई उल्लेख गर्नु हुँदै प्रधानमन्त्रीले दीपावली र छठ पूजा लगायत विभिन्न चाडपर्वहरूलाई ध्यानमा राख्दै दैनिक प्रयोगका अधिकांश वस्तुहरूमा जीएसटी दर घटाइने बताउनु भएको छ। भेलामा उपस्थित महिलाहरूलाई सम्बोधन गर्नु हुँदै श्री मोदीले भन्नु भयो, जीएसटीमा कटौतीले भान्साको खर्च घटाउनेछ।

**बाइट**

**शाह - लागूऔषध विरोधी बल**

गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा राज्य तथा केन्द्र शासित प्रदेशका लागूऔषध विरोधी बल प्रमुखहरूको राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नु हुनेछ। यो सम्मेलन प्रधानमन्त्री नरेन्द्र मोदीको लागूऔषधमुक्त भारतको प्रतिबद्धतालाई बलियो बनाउन र यो लक्ष्य हासिल गर्ने कार्य योजना तय गर्ने एक रणनीतिक मञ्च हुनेछ। हाम्रा संवाददाताले नार्कोटिक्स नियन्त्रण ब्यूरोद्वारा आयोजित सम्मेलनको विषयवस्तु छ - **सामूहिक संकल्प-साझा दायित्व**।

एक रिपोर्ट....**बाइट**

गृहमन्त्री अमित शाहले लागूऔषध नष्ट अभियानको सुरुवातमा **चार हजार सात सय 94 करोड़** रुपियाँ बराबरको लागूऔषध पनि नष्ट गर्ने सामाजिक सञ्जाल पोस्टमा बताउनु भएको छ।

**<u>शिवराज-रबी अभियान</u>**

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले किसान र वैज्ञानिकहरूको कडा परिश्रम र सरकारको नीतिका कारण देशको कृषि क्षेत्र ३.७ प्रतिशतको दरले बढिरहेको बताउनु भएको छ जुन विश्वमै सबैभन्दा उच्च हो। हिजो नयाँ दिल्लीमा राष्ट्रिय कृषि सम्मेलन-रबी अभियान २०२५ लाई सम्बोधन गर्नु हुँदै श्री चौहानले राष्ट्र र किसानहरूको कल्याणका लागि राज्य र केन्द्रले मिलेर काम गरिरहने बताउनु भयो। उहाँले किसानहरूलाई नक्कली मल, बीउ र कीटनाशकका लागि जिम्मेवार व्यक्तिहरू विरुद्ध कडा कारबाही गरिने आश्वासन दिनु भयो। श्री चौहानले अबदेखि सबै मापदण्ड र मापदण्डहरू पूरा गर्ने बायो-उत्प्रेरक अर्थात् बिरुवाको वृद्धिमा मद्दत गर्ने मलहरू मात्र बेच्न अनुमति दिइने बताउनु भएको छ।श्री शिवराज सिंह चौहानले हिजो दुई दिने राष्ट्रिय कृषि सम्मेलन-रबी अभियान २०२५ को उद्घाटन गर्नुभयो, जसको विषयवस्तु - एक राष्ट्र- एक कृषि- एक दल हो।

**<u>जोशी-आईईसी</u>**

केन्द्रीय उपभोक्ता मामिला मन्त्री प्रह्लाद जोशीले भारत अब अन्तर्राष्ट्रिय कानूनी नाप विज्ञान संगठन (ओआईएमएल) प्रक्रिया अनुमोदन प्रमाणपत्र जारी गर्ने विश्वको १३ औं देश बनेको बताउनु भएको छ। नयाँ दिल्लीमा ८९ औं अन्तर्राष्ट्रिय इलेक्ट्रोटेक्निकल आयोग - आईईसी साधारण बैठकमा बोल्नु हुँदै श्री जोशीले देशको मुद्रास्फीति दर ११ वर्षमा सबैभन्दा कम रहेको बताउनु भयो। उहाँले देशका ४७४ केन्द्रहरूमार्फत आवश्यक वस्तुहरूको मूल्य अनुगमन भइरहेको जानकारी दिनु भयो। श्री जोशीले भारतीय मानक ब्यूरोको बढ्दो भूमिकाको पनि उल्लेख गर्नु भयो। मानक ब्यूरोले अब लगभग २४ हजार मापदण्ड, व्यापक प्रमाणीकरण र सुन र चाँदीका गहनाको लागि हलमार्क प्रणाली जस्ता प्रमुख सुधारहरूको अनुगमन गरिरहेको छ।
श्री जोशीले उत्पादनमा आधारित प्रोत्साहन योजनाहरू, सेमिकन इन्डिया कार्यक्रम, राष्ट्रिय हरित हाइड्रोजन मिसन र स्वच्छ ऊर्जा योजनाहरूले देशलाई इलेक्ट्रोनिक्स र दिगो प्रविधिको लागि विश्वव्यापी केन्द्रको रूपमा उभिन मद्दत गरिरहेको बताउनु भयो। उहाँले भन्नु भयो, राष्ट्रिय भौतिक प्रयोगशाला र इसरोको सहयोगमा, देशभरका पाँच स्थानबाट सही भारतीय मानक समय प्रसारण गर्ने परियोजना चाँडै सुरु गरिनेछ।

**<u>सेवा पर्व - नवीकरणीय र स्वच्छ ऊर्जा</u>**

सेवा र सुशासनको मन्त्रबाट प्रेरित प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकारले निरन्तर प्रगति र रूपान्तरणको लागि काम गरिरहेको छ। आजको विशेष श्रृंखला सेवा पर्वमा नवीकरणीय र स्वच्छ ऊर्जा क्षेत्रमा सकारात्मक परिवर्तनका लागि नरेन्द्र मोदी सरकारका कामहरूलाई प्रकाश पारिएको छ।

**बाइट**

**<u>केन्द्रीय प्रत्यक्ष कर बोर्ड - आयकर रिटर्न</u>**

केन्द्रीय प्रत्यक्ष कर बोर्डले कर आकलन वर्ष २०२५-२६ को लागि आयकर रिटर्न फाइल गर्ने अन्तिम मिति एक दिन बढाउने निर्णय गरेको छ। अब आज राति १२ बजेसम्म रिटर्न फाइल गर्न सकिन्छ। आयकर विभागले हिजो राति अबेर सामाजिक

सञ्जाल पोस्टमा यो जानकारी दिएको हो। आयकर रिटर्न फाइल गर्ने अन्तिम मिति सुरुमा ३१ जुलाई थियो, जुन 15 सेप्टेम्बरसम्म बढाइएको थियो।आयकर विभागले कर आकलन वर्ष २०२५-२६ को लागि सात करोडभन्दा बढी रिटर्न फाइल गरिएको बताएको थियो।

**पपुवा न्यु गिनी - प्रधानमन्त्री**

केन्द्रीय विदेश राज्यमन्त्री पबित्रा मार्गेरिटाले आज पपुवा न्यु गिनीका प्रधानमन्त्री जेम्स मारापेलाई भेटेर देशको स्वतन्त्रताको ५० औं वार्षिकोत्सवको अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदी र भारतका जनताको तर्फबाट शुभकामना व्यक्त गर्नु भएको छ। श्री मार्गेरिटाले द्विपक्षीय र जनता-जनता सम्बन्धलाई अझ गहिरो बनाउने दुवै देशको प्रतिबद्धता व्यक्त गर्नु भयो। विदेश राज्यमन्त्री श्री मार्गेरिटाले सामाजिक सञ्जाल पोस्टमा भन्नु भएको छ, पपुवा न्यु गिनीका प्रधानमन्त्री जेम्स मारापेलाई भेट्न पाउँदा म सम्मानित भएकी छु र प्रधानमन्त्री श्री मोदी र भारतका जनताको तर्फबाट शुभकामना व्यक्त गरेकी छु।

यसअघि, श्री मार्गेरिटाले पपुवा न्यु गिनीको स्वतन्त्रताको ५० औं वार्षिकोत्सव मनाउन आयोजित स्मारक कार्यक्रमहरूमा प्रधानमन्त्री मोदीको प्रतिनिधित्व गर्न आधिकारिक भ्रमणमा राजधानी पोर्ट मोरेस्बी पुग्नु भएको थियो। विदेश मन्त्रालयको एक विज्ञप्ति अनुसार, भ्रमणको क्रममा, विदेश राज्यमन्त्रीले पपुवा न्यु गिनीको राजनीतिक नेतृत्वसँग द्विपक्षीय बैठक गर्नु हुनेछ। उहाँले पपुवा न्यु गिनीमा रहेका भारतीय प्रवासी र व्यापारिक समुदायसँग पनि अन्तरक्रिया गर्नुहुनेछ।

**नेपाल राहत प्याकेज**

नेपालमा चरम युवा नेतृत्वको आन्दोलनपछि सरकारले जेन-जी आन्दोलनमा ज्यान गुमाएकाहरूका परिवारका लागि राहत प्याकेज घोषणा गरेको छ। हिजो नेपालमा बसेको मन्त्रिपरिषद् बैठकले यो निर्णयलाई अन्तिम रूप दिएको छ। गृह तथा कानूनमन्त्री ओमप्रकाश अर्यालले प्रत्येक शहीद परिवारलाई १५ लाख रुपियाँ क्षतिपूर्ति रकम दिइने बताउनु भएको छ।